**Small Irrigation Programme (SIP), Phase-II**
**Project Management Implementation Support Consultant (PMISC)**

## स्क्र्याप मोटरसाइकल बिक्री सम्बन्धी नियम र सर्तहरू

*(४१ वटा - SIP कार्यालय, विराटनगर)*

१) **बिक्रीको आधार:** स्क्र्याप मोटरसाइकलहरू पूर्णतः यथास्थितिमा (**"as-is, where-is" basis)** मात्र बिक्री गरिनेछ। यिनका इन्जिन र चेसिस नम्बरहरू काटिने छन् । बोलपत्र पेश गर्नुअघि मोटरसाइकलहरूको भौतिक निरीक्षण गर्ने जिम्मेवारी बोलपत्रदाताको हुनेछ । बोलपत्र पेश भइसकेपछि मोटरसाइकलहरू अवस्थासम्बन्धी कुनै पनि दाबी उठाइन पाउने छैन।

२) **निरीक्षण:** बोलपत्रदाताहरूले मिति सेप्टेम्बर २१-२५, २०२६ सम्म, दिउँसो १:०० बजेदेखि ४:०० बजेसम्म SIP कार्यालय, VIP रोड, विराटनगरमा मोटरसाइकलहरूको निरीक्षण गर्न सक्नेछन्। बोलपत्र पेश गर्नुअघि SIP बाट लिखित निरीक्षण स्वीकृति लिन बोलपत्रदाताहरूलाई आग्रह गरिन्छ।

३) **योग्यता:** बोलपत्रदाता व्यक्ति वा कानुनी रूपमा दर्ता भएको कम्पनी/फर्म वा अधिकृत स्क्र्याप/(recycling) व्यवसाय हुनुपर्नेछ र फर्मको हकमा वैध दर्ता प्रमाणपत्र तथा PAN/VAT कागजात, कर चुक्ता र व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

४) **बोलपत्र पेश गर्ने:** तोकिएको Bid Form मा सिलबन्दी बोलपत्र मिति अक्टोवर १, २०२६ को ५:०० बजेभित्र SIP कार्यालय, विराटनगरमा पेश गर्नुपर्नेछ। बोलपत्र सिलबन्दी खाममा राखी बोलपत्रदाताको नाम, ठेगाना र सम्पर्क नम्बर उल्लेख गरी **"Sealed Bid for Purchase of Scrapped Motorcycles"** भनी लेखिएको हुनुपर्नेछ। यी सर्तहरू अनुसार पेश नभएका वा शर्त संलग्न गरी पेश गरिएका बोलपत्रहरू मान्य हुने छैनन्। बोलपत्रदाताले आफ्नो कुल बोलपत्र रकमको १०% बराबरको फिर्ता हुने **Security Deposit** तल उल्लिखित बैंक खातामा जम्मा गर्नुपर्नेछ:

<u>**Bank Account details:**</u>
Name: Small Irrigation Programme
Account No: 00401010262477
Bank: Nepal Investment Mega Bank Ltd., Jawlakhel

PMISC SIP Phase II 2020

५) **बोलपत्र मूल्य:** बोलपत्रदाताले सूचीमा रहेका प्रत्येक मोटरसाइकलको एकाइ मूल्य उल्लेख गर्नुपर्नेछ। **Grand Total** आंशिक वा सम्पूर्ण एकाइ मूल्यहरूको जोड नेपाली रुपैयाँमा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरबीच फरक परेमा अक्षरमा उल्लिखित रकम मान्य हुनेछ। बोलपत्र फारममा कुनै सच्याइएको अंश बोलपत्रदाताको हस्ताक्षरद्वारा प्रमाणित हुनुपर्नेछ। SIP ले अन्यथा नतोकेसम्म कबोल गरेको मूल्यमा लागू स्थानीय कर, ढुवानी, लोडिङ, विघटन (dismantling) तथा अन्य खर्चहरू समावेश हुने छैनन्।

६) **बोलपत्र खोल्ने:** म्यादभित्र प्राप्त भई विधिवत दर्ता भएका बोलपत्रहरू सोही दिन, मिति अक्टोबर २, २०२६ का दिन दिउँसो ३:०० बजे, SIP कार्यालय, VIP रोड, विराटनगरमा तोकिएका SIP प्रतिनिधिहरूको उपस्थितिमा खोलिनेछन्। तोकिएको समयमा कुनै बोलपत्रदाता अनुपस्थित रहेमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

७) **मूल्याङ्कन:** योग्यता सम्बन्धी शर्त तथा यी नियम र सर्तहरूको पालना गरेको अवस्थामा, सबैभन्दा बढी रकम कबोल (highest responsive) प्रस्तावको आधारमा बोलपत्रहरूको मूल्याङ्कन गरिनेछ।

८) **स्वीकृति र सूचना:** SIP लाई कुनै पनि वा सबै बोलपत्र, पूर्ण वा आंशिक रूपमा, कुनै कारण नखोली स्वीकार वा अस्वीकार गर्ने अधिकार सुरक्षित रहनेछ। सफल (सबैभन्दा बढी रकम कबोल गर्ने) बोलपत्रदातालाई पत्र र/वा इमेलमार्फत जानकारी गराइनेछ, र नतिजा SIP को वेबसाइटमा समेत प्रकाशित गर्न सकिनेछ।

९) **भुक्तानी:** सफल बोलपत्रदाताले स्वीकृतिको सूचना प्राप्त भएको ७ कार्य दिनभित्र लागू हुने कबोल बोलपत्र रकम भुक्तानी गर्नुपर्नेछ। सो अवधिभित्र भुक्तानी गर्न नसकेमा Security Deposit जफत हुनेछ र स्वीकृति स्वतः रद्द हुनेछ।

१०) **पालना नगरेमा र पुनः प्रदान:** सबैभन्दा बढी बोलपत्र राख्नेले तोकिएको ७ कार्य दिनभित्र स्वीकृत रकम जम्मा गर्न नसकेमा, पेश गरिसकेको Deposit जफत हुनेछ र SIP ले सोही सर्तमा दोस्रो, तेस्रो वा चौथो सबैभन्दा बढी बोलपत्र राख्नेलाई क्रमशः खरिद प्रस्ताव गर्न सक्नेछ। त्यस्तो पछिल्लो बोलपत्रदाताले पनि तोकिएको अवधिभित्र भुक्तानी र सङ्कलन पूरा गर्न नसकेमा, निजको Deposit समेत त्यसैगरी जफत हुनेछ। दुई वा सोभन्दा बढी बोलपत्रको रकम बराबर भएमा पहिले प्राप्त भएको बोलपत्रलाई प्राथमिकता दिइनेछ।

११) **मोटरसाइकल सार्ने/उठाउने:** सफल बोलपत्रदाताले पूर्ण भुक्तानीको पुष्टि भएपछि स्वीकृति पत्रमा तोकिएको अवधिभित्र SIP कार्यालय, विराटनगरबाट मोटरसाइकलहरू सङ्कलन/उठाउनुपर्नेछ।

PMISC SIP Phase II 2020

१२) **स्क्रयापिङ सम्बन्धी शर्त:** मोटरसाइकलहरू स्क्र्यापको रूपमा बिक्रि गरिने भएकाले, उठाउनुअघि SIP ले प्रत्येक मोटरसाइकलको चेसिस र इन्जिन नम्बर देखिने गरि काट्नेछ, ताकि सवारीसाधन स्थायी रूपमा दर्ता वा सडक प्रयोगका लागि अयोग्य होस्।

१३) **हस्तान्तरण र कानुनी प्रक्रिया:** स्वीकृतिपश्चात मोटरसाइकलसँग सम्बन्धित सम्पूर्ण ढुवानी, विघटन (dismantling), विसर्जन (disposal) तथा अन्य प्रक्रिया पूरा गर्ने जिम्मेवारी पूर्णतः सफल बोलपत्रदाताको हुनेछ। यस्तो प्रक्रिया पूरा गर्दा लाग्ने कुनै लागतको लागि SIP उत्तरदायी हुने छैन।

१४) **कुनै वारेन्टी नहुने:** मोटरसाइकलहरूको अवस्था, सडक-योग्यता, कार्यक्षमता वा उपयोगिताका सम्बन्धमा SIP ले प्रत्यक्ष वा अप्रत्यक्ष कुनै वारेन्टी प्रदान गर्दैन। बोलपत्रदाताले बोलपत्र पेश गर्नुअघि पूर्णतः आफ्नै स्वतन्त्र निरीक्षण र मूल्याङ्कनमा भर पर्नुपर्नेछ।

१५) **बोलपत्रको वैधता:** बोलपत्रहरू पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १५ दिनसम्म वैध रहनेछन्।

१६) **विवाद समाधान:** यी नियम र सर्तहरूमा स्पष्ट रूपमा उल्लेख नभएका विषयहरू SIP ले प्रचलित नेपाल कानुन तथा कार्यक्रमको प्रचलित खरिद/विसर्जन (procurement/disposal) प्रक्रियाबमोजिम निर्णय गर्नेछ।

१७) **अन्तिम निर्णय:** कुनै बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र यस बिक्रीसँग सम्बन्धित अन्य कुनै विषयमा SIP को निर्णय अन्तिम हुनेछ।

**स्वीकृत गरी हस्ताक्षर गरिएको:**

कम्पनी/फर्म/व्यक्तिको नाम:

अधिकृत हस्ताक्षरकर्ता:

पद:

मिति:

PMIS SIP Phase II 2020